मनाङ ङिस्याङ गाउँपालिकाको कार्यालय

हुम्डे, मनाङ

# नेस्याङ गाउँपालिका

## आर्थिक वर्ष २०७४/७५ को नीति बजेट तथा कार्यक्रम



**प्रस्तुतकर्ता**

**मेङ्खु गुरुङ**

**उपाध्यक्ष नेस्याङ गाउँपालिका**

२०७४ असार ३० गते

**मनाङ जिल्ला यस नेस्याङ गाउँपालिका विकास योजना आ.व. २०७४/०७५ स्वीकृतको लागि आयोजित गाउँसभामा नेस्याङ गाउँपालिका मनाङका उपाध्यक्ष श्री मेङ्खु गुरुङद्वारा प्रस्तुत वार्षिक कार्यक्रम तथा बजेट वक्तव्य**

**अध्यक्षः** नेस्याङ गाउँपालिका श्री कान्छा घलेज्यू

१. प्रमुख अतिथिः प्रमुख जिलला अधिकारी श्री सुनिल खनालज्यू

२. विशेष अतिथिः स्थानीय अधिकारी श्री रामुराज कडरियाज्यू

३. अतिथिः अतिथि राजनीतिक दलका प्रतिनिधिज्यूहरु

पूर्व जि.वि.स. सभापतिज्यू
नि. कार्यकारी अधिकृतज्यू
पूर्व जनप्रतिनिधिज्यूहरु
नौ वटै वडाका वडाध्यक्षज्यूहरु
नौ वटै वडाका वडा सदस्यज्यूहरु
विभिन्न वडाबाट पाल्नुहुने मिथेवाज्यूहरु
अन्नपूर्ण संरक्षण आयोजना मनाङका प्रमुखज्यू
नौ वटै वडाका वडा सचिवज्यूहरु
विभिन्न शिक्षण संस्था तथा गैर सरकारी निकायका प्रमुख ज्यूहरु
विभिन्न संचार माध्यमबाट पाल्नु हुने संचारकर्मीज्यूहरु
सी.एम.सी. का अध्यक्षज्यूहरु
विभिन्न वडाका आमा समुह तथा महिला समुहका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु
दलित महिला वाल सञ्जाल, अपाङ्ग, जनजाति लगायतका विभिन्न संस्थाबाट पाल्नु भएका प्रतिनिधिज्यूहरु
उपस्थित सम्पूर्ण आदारणीय मनाङवासी युवा आमा दाजुभाइ तथा दिदी वहिनीहरु

१. मनाङ जिल्ला यस नेस्याङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७४।०७५ को गाउँपालिका विकास योजना स्वीकृतिको लागि आयोजना भएको यस गाउँसभा समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकर गरी आउनु भएका प्रमुख अतिथिको आतिथ्यता ग्रहण गरिदिनु भई गाउँसभाको उद्घाटन गरीदिनु भएकोमा प्रमुख अतिथि प्रमुख जिल्ला श्री सुनिल खनालज्यूप्रति नेस्याङ गाउँपालिका मनाङ र मेरो व्यक्तिगत तर्फबाट आभार प्रकट गर्दछु। विशेष अतिथि तथा अतिथिज्यूहरुबाट यस भामा सफलताको लागि प्राप्त हुन आएको शुभकामना सन्देशको लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु। हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु हुने विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, विभिन्न सेवा केन्द्र, जिल्लास्थित सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहर, विभिन्न संघ

मनाङ ङिस्याङ गाउँपालिका

संस्था निकायबाट हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने सम्पूर्ण अतिथि महानुभावहरु प्रति हादिक आभार व्यक्त गर्न चाहन्छु ।

२. नेपालको इतिहासमा विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन समर्पण गरी आज मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गराई जनतालाई सार्वभौम एवं अधिकार सम्पन्न बनाउनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति यस अवसरमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गरी उहाँहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. मनाङवासी जनताको वृहत्तर हितलाई सर्वोपरी ठानी सीमित स्रोत र साधनलाई अधितम उपयोग गरी यस नेस्याङ गाउँपालिकाको सर्वाङ्गिण र सन्तुलित विकास गर्ने मूल ध्येयका साथ सहभागितात्मक प्रक्रियाबाट तर्जुमा गरिएको यस गाउँपालिकाको मुख्य मार्ग चित्रका रुपमा रहने आ.व. ०७४।०७५ को वार्षिक बजेट, नीति तथा कार्यक्रम सहितको गाउँपालिकाको योजना यस गरिमामय गाउँसभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले प्रस्तुत गर्न पाउँदा म आफूलाई अत्यन्तै गौरवान्वित ठाने को छु ।

४. विकेन्द्रकरणको माध्यमबाट सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अत्याधिक( मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था गने मूल उद्देश्यका साथ ल्याइएको आ.व. ०७४।०७५ को बजेट नीति तथा कार्यक्रम स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिगदर्शन २०७४ ले व्यवस्था गरे बमोजिम संघ तथा प्रदे शबाट वित्तीय हस्तान्तरणको खाका र मार्ग दर्शन प्राप्त गर्न, स्रोत अनुमान र कुल बजेट सिमा निर्धारण, वडा स्तरीय योजना प्राथमिकीकरण, एकीकृत बजेट तथा कार्यक्रमतर्जुमा गाउँकार्यपालिकाको बैठक तथा कार्यक्रम स्वीकृत गर्न गाउँसभाको वैठकमा बजेट तथा कार्यक्रम हुँदै विभिन्न चरणको सहभागितात्मक योजना पद्धति बमोजिम यस सभा हुन गइरहेको व्यहोरा निवेदन गर्न चाहन्छु । स्थानीय तहमा जनप्रतिनिधिहरु निर्वाचित भएको वर्तमान अवस्थामा गाउँपालिकाको योजना तयार गर्न सहज भएको हुँदा सहभागितामूलक योजना तर्जुमाको विभिन्न चरणहरुमा यस गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिज्यूहरु, विषयगत कार्यालयहरु, सरकारी तथा गैह सरकारी निकायहरु, नागरिक समाज, समाजसेवी, मिथेवा, बुद्धिजीवी, पूर्व जनप्रतिनिधि, समाजका विभिन्न तह र तप्कामा रहेका व्यक्तित्वहरुबाट प्राप्त अमूल्य सुझाव र सल्लाहको आधार मा जनताको आवश्यकता र चाहनाको पहिचान गरी यस नेस्याङ गाउँपालिकाको योजना तर्जुमा गर्न प्रयास भएको व्यहोरा हार्दिक निवेदन गर्दछु ।

अव म यस नेस्याङ गाउँपालिकाको आ.वा. ०७४।०७५ को बजेट तथा कार्यक्रमहरु विनियो जन गरिए बमोजिम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**यस नेस्याङ गाउँपालिकाको आ.व. ०७४।०७५ को अनुमानित आय व्यय विवरण तपसिल बमोजिम हुने गरी पेश गरेकी छु ।**

**आय तर्फको विवरण**

**नेस्याङ गाउँपालिकाको आ.व. ०७४/०७५ को अनुमानित आय विवरण**

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | आन्तरिक आम्दानी | ७,५७,०००.०० |
| २ | राजश्व बाडफाडबाट प्राप्त रकम | ४६,५०,०००.०० |
| ३ | केन्द्रीय अनुदान (सामानिकरण) | १०००,००,०००.०० |
| ४ | केन्द्रीय अनुदान (शसर्त) | ६,१०,७१०००.०० |
| ५ | गत वर्षको बैंक मौज्दात | ४८,४६,०००.०० |
| | जम्मा रु. | १७,१३,२४,०००.०० |

**व्यय तर्फको विवरण**

**नेस्याङ गाउँपालिकाको आ.ब. ०७४/०७५ को अनुमानित व्यय विवरण**

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | चालु खर्च | ५,१२,८०,०००.०० |
| २ | पुर्वाधार तर्फको योजनागत खर्च | १,८९,२५,०००.०० |
| ३ | वातावरण तथा विपद् व्यवस्थापन तर्फको योजनागत खर्च | ५६,०३,०००.०० |
| ४ | सामाजिक विकास तर्फको योजनागत खर्च | ८४,५०,०००.०० |
| ५ | आर्थिक विकास तर्फको योजनागत खर्च | ४८,२५,०००.०० |
| ६ | सामाजिक सेवा तथा क्षमता विकास तर्फको योजनागत खर्च | ३८,८१,०००.०० |
| ७ | संस्थागत विकास, सेवाप्रवाह तथा शुसासन तर्फको खर्च | ९४,४६,०००.०० |
| ८ | शसर्त अनुदान तर्फको खर्च | ६१,०७१,०००.०० |
| ९ | विद्युत रोयल्टी तर्फको खर्च | ३७,५०,०००.०० |
| १० | पर्वतारोहण रोयल्टी तर्फको खर्च | ७,००,०००.०० |
| ११ | आन्तरिक आम्दानी तर्फको खर्च | ७,५७,०००.०० |
| १२ | योजना व्यवस्थापन खर्च | २४,३६,०००.०० |
| १३ | मालपोत रजिष्ट्रेशन तर्फको खर्च | २,००,०००.०० |
| | जम्मा रु. | १७,१३,२४,०००.०० |

# मनाङ डिस्याङ गाउँपालिकाको कार्यालय
## हुम्डे, मनाङ

चालु आ.व. २०७४/०७५ को लागि चालु खर्च तर्फको बजेट बाडफाड तपसिल बमोजिम गरेकी छु ।

| क्र.सं. | विवरण | जना | महिना | औषत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | कर्मचारी तलव | ३६ | १३ | २६००० | १,२१,६८,०००.०० |
| २ | पदाधिकारी तलव भत्ता | ११ | १३ | २०००० | ४१,४०,०००.०० |
| ३ | कार्यपालिका पदाधिकारी भत्ता | १९ | १२ | १५०० | ३,४२,०००.०० |
| ४ | गाउँ सभा भत्ता | ४६ | २ | १५०० | १,३८,०००.०० |
| ५ | गाउँपालिका बैठक संचालन खर्च | ० | ० | ० | १,२०,०००.०० |
| ६ | गाउँसभा बैठक संचालन खर्च | ० | ० | ० | १०,००,०००.०० |
| ७ | भ्रमण खर्च | ४७ | १२ | १३००० | ७३,३२,०००.०० |
| ८ | पदाधिकारी सुविधा | ० | ० | ० | ५,००,०००.०० |
| ९ | प्रशासनिक खर्च | ० | ० | ० | ५,००,०००.०० |
| १० | दुर्गम भत्ता | ३६ | १२ | १४६५० | ६३,२८,८००.०० |
| ११ | मर्मत संभार खर्च | ० | ० | ० | १,००,०००.०० |
| १२ | पत्रपत्रिका | ० | ० | ० | ५०,०००.०० |
| १३ | इन्धन | ० | ० | ० | ४,००,०००.०० |
| १४ | कार्यालय संचालन | ० | ० | ० | १,४०,०००.०० |
| १५ | गोष्टी तालिम | ० | ० | ० | २,००,०००.०० |
| १६ | अनुदान/पुरस्कार | ० | ० | ० | ३,००,०००.०० |
| १७ | संचार | ० | ० | ० | ३,००,०००.०० |
| १८ | पोशाक भत्ता | ३६ | १ | १५००० | ५,४०,०००.०० |
| १९ | महंगी भत्ता | ३६ | १२ | १००० | ४,३२,०००.०० |
| २० | पानि विजुली महशुल | ० | ० | ० | १,००,०००.०० |
| २१ | गाउँसभा संचालन | १ | २ | १००००० | २,००,०००.०० |
| २२ | विभिन्न दिवसको खर्च | ० | ० | ० | १,५०,०००.०० |
| २३ | आर्थिक सहायता | ० | ० | ० | २,००,०००.०० |
| २४ | घर भाडा | ० | ० | ० | ५,००,०००.०० |
| २५ | भैपरी खर्च | ० | ० | ० | ३३,४९,२००.०० |
| २६ | विविध | ० | ० | ० | ५,००,००,०००.०० |
| २७ | वडा कार्यालय संचालन खर्च | १ | ९ | ८५०००० | ५०,००,०००.०० |
| | | | | जम्मा रकम रु. | ५१,२८,०००.०० |

मनाङ डिस्याङ गाउँपालिका